राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

**फैसला**

२०७५/७६ सालको निर्णय नं. ६०

पुनरावेदन नं. : -०७४-RB-००५३

भारत विहार पूर्वी चम्पारण ठेगाना उल्लेख भएका बल्क रोड रक्सौलमा घर भई हाल जिल्ला पर्सा वीरगंज कारागारमा बन्दी रहेको वर्ष ३५ को सुमन कुमार.......१ } पुनरावेदक

**विरुद्ध**

प्र.उ. बसन्त कुमार लामा समेतको प्रतिवेदनले वादी नेपाल सरकार...................१} प्रत्यर्थी

**मुद्दा : सुन भन्सार चोरी पैठारी ।**

शुरु निर्णय गर्ने कार्यालय : राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैया, बारा

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख अनुसन्धान अधिकृत श्री ज्ञानेन्द्र राज ढकाल

शुरु निर्णय मिति : २०७४/०४/२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री सतिश कुमार झा

प्रत्यर्थीको तर्फबाट : विद्धान शाखा अधिकृत श्री अञ्चन भट्टराई

राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैया, बाराका प्रमुख अनुसन्धान अधिकृत श्री ज्ञानेन्द्र राज ढकालले मिति २०७४/०४/२५ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम प्रतिवादी सुमन कुमारको पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

मुद्दाको तथ्य

१. मिति २०७४।३।२९ गते १९.३० बजेको समयमा जि. मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. १५ रातमाटे चेक पोष्टमा काठमाडौंबाट विरगंज तर्फ जाँदै गरेको ना.१.ज. ४०२९ नम्बरको यात्रु बाहक सुमोलाई रोकी चेक जाँच गर्दा सोही सुमोमा यात्रा गरी आएका भारत विहार थाना रक्सौल पूर्वी चाम्पारण जटियाही पोष्ट जुकियारी बस्ने वर्ष ३५ को सुमन कुमारको साथबाट अवैध भन्सार छली चोरी पैठारी गरी ल्याएको सुन जस्तो पहेलो धातु फेला परी निजलाई पक्राउ गरी लगेको भन्ने समेत व्यहोराको मिति २०७३।०३।२९ को वरामदी मुचुल्का ।

२. मिति २०७४।०३।२९ गते बेलुका १९ः३० बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उ.म.न.पा वडा नं. १५ स्थित रातोमाटे प्रहरी चेकपोष्टमा सवारी साधन चेकजाँच गर्दा काठमाडौंबाट बीरगञ्जतर्फ जाँदै गरेको ना१ज ४०२९ नम्बरको सुमोमा यात्रा गरि आएका सुमन कुमारको साथबाट १ केजी ५१२ ग्राम सुन फेला पारी स्थानिय मानिसहरुको रोहवरमा बरामद गरि उक्त बरामद सुन तथा उक्त कारोबारमा संलग्न सुमन कुमारलाई आवश्यक कारवाहोको लागी प्र.उ. वसन्तकुमार लामा समेतको प्रतिवेदन सहित जिल्ला प्रहरी कार्यालय, हेटौंडा मकवानपुरको च.नं. १०११७, मिति २०७४।०३।३० को पत्र सहित कार्यालयमा दाखिला गरेको।

३. सो सम्बन्धमा १ केजी ५१२ ग्राम सुन सहित पक्राउ परेका सुमन कुमारलाई उक्त सुन कसको हो, कहाँबाट कहाँ लैजान लाग्नु भएको हो? उक्त सुनको विल विजक, प्रज्ञापनपत्र, महसुल तिरेको निस्सा प्रमाण लगायतका कागजात प्रमाण छ छैन भनि सोधनी गर्दा निजले प्रहरीले आफ्नो कागजातमा उल्लेख गरे बमोजिम नै उक्त १ केजी ५१२ ग्राम (१३ थान) सुन मेरो साथबाट बरामद गरेको व्यहोरा ठिक साँचो हो। उक्त सुनको मेरो साथमा विलविजक, प्रज्ञापनपत्र तथा महसुल तिरेको निस्सा प्रमाण केहि थिएन त्यसैले गर्दा प्रहरीले मलाई पक्राउ गरी यस कार्यालयमा पेश गरेको हो। मेरो साथबाट बरामद भएको उक्त १ केजी ५१२ ग्राम सुनको विलविजक, प्रज्ञापनपत्र तथा महसुल तिरेको निस्सा प्रमाण केही छैन, पेश गर्न सक्दिन मेरो साथबाट बरामद भएको उक्त १ केजी ५१२ ग्राम सुन मलाई काठमाडौं सुन्धारामा एक अपरिचित व्यक्तिले दिएका हुन्, उनले उक्त सुन लिन बीरगञ्जमा

मेरो मान्छे आउँछ, उसलाई दिनु, म तिमीलाई ५,०००/- भारतिय रुपैया दिन्छु भनेकोले मैले पैसाको लोभमा परी सुन बोकेको हुँ, सुन दिने व्यक्तिलाई देखेमा चिन्दछु, निजको नाम थर ठेगाना थाहा छैन, सम्पर्क नम्बर केही थाहा छैन। भन्सार ऐन नियमको बारेमा केही जानकारी थिएन, सुन दिने व्यक्तिले बिरगञ्जसम्म लगिदिनुस भनेकोले पैसाको लोभमा परेर उक्त १ केजी ५१२ ग्राम सुन बोकेको हुँ, मैले जानीबुझि गरेको होइन, तथापी प्रमाण अभावमा भन्सार ऐन बमोजिम हुने कारवाही सहन तथा बुझाउन मन्जुर छु भनी बयानमा उल्लेख गरेका।

४. प्रहरीको प्रतिवेदन, बरामदी मूचुल्का लगायत जिल्ला प्रहरी कार्यालय, हेटौंडा मकवानपुरले पेश गरेको कागजात र १ केजी ५१२ ग्राम सुन सहित पक्राउ परेका सुमन कुमारले दिएको वयान र मिसिल संलग्न कागजात समेतलाई विचार गर्दा उक्त सुन चोरी पैठारी गरेको होइन भन्ने आधार नदेखिएकोले सो सम्बन्धमा थप अनुसन्धान गरी पछि ठहरे बमोजिम हुने गरी हाललाई उक्त सुन कब्जामा लिई मिति २०७४।०४।०२ गतेको नेपाल सुन चाँदी व्यवसायी संघबाट प्रकाशित सूचना अनुसार प्रति दश ग्राम सुनको दररेट रु ४५,८७०/- को दरले १ केजी ५१२ ग्राम सुनको भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम विगो बमोजिमको जरिवाना वापतको रु ६९,३५,५४४/- हुन सक्ने १ वर्ष कैद वापतको धरौटी रु १८,२५०/- गरी जम्मा रु ६९,५३,७९४/- (अक्षरुपी उनान्सत्तरी लाख त्रिपन्न हजार सात सय चौरानब्बे रुपैया मात्र) निज सुमन कुमार सँग धरौटी माग गर्ने।माग बमोजिमको नगद धरौटी रकम दाखिला गरे तारेखमा छाडिदिने र थप अनुसन्धान गर्नु। माग बमोजिमको धरौटी रकम दाखिला नगरे नियमानुसार सिदा खान पाउने गरी कारागार कार्यालय बिरगञ्जमा थुनामा राख्न पठाउने तथा प्रमुख अनुसन्धान अधिकृत कार्यालयमा हाजिर भएपछि समर्थन गराउने गरी मिति २०७४।०४।०२ मा आदेश भएको।

५. कार्यालयबाट मिति २०७४।०४।०२ मा भएको आदेश बमोजिम सुमन कुमारका तर्फबाट नगद धरौटी दाखिला हुन नसकेकोले सोही मितिको चं.नं. ५ को पत्रबाट निज सुमन कुमारलाई थुनुवा पुर्जी दिई च.नं. ६ को पत्रबाट कारागार कार्यालय बीरगञ्ज पर्सामा थुनामा राख्न पठाईएको।

६. कार्यालयको च.नं. १५५, मिति २०७४।०४।२३ को पत्रबाट उक्त १ केजी ५१२ ग्राम सुन नेपाल राष्ट्र बैंक मुद्दा व्यवस्थापन विभाग, टक्सार महाशाखा सुन्धारा काठमाडौं पठाईएको।

७. १ केजी ५१२ ग्राम सुन निज सुमन कुमारको साथबाट पक्राउ भएको प्रमाणित भएको र सो कुरा निजले समेत वयानमा स्वीकार गरेको, उक्त सुन काठमाडौं, सुन्धारामा अपरिचित व्यक्तिले दिएको भने पनि कसले दिएको हो किटान गर्न नसकेकोले निजलाई काठमाडौंमा

अन्य कसैले दिएको हो भन्ने समेत पुष्टी हुने कुनै आधार प्रमाण नभएको र पेश गर्न नसकेको, बीरगञ्जमा उक्त सुन लिन को आउने हो बताउन नसकेकोले अर्कैको सुन बोकेको हो भन्ने आधार प्रमाण नभएको र निजले समेत सुन अर्कैको हो भन्ने पुष्टी गर्ने कुनै आधार प्रमाण पेश गर्न नसकेको, अर्कैलाई दिने हो भने पनि कसलाई दिने हो भन्ने समेत केही खुलाउन नसकेको, निजको साथबाट बरमद भएको सुनको कुनै विल बिजक लगायतका कुनै पनि कागजात प्रमाण छैन पेश गर्न सक्दिन भनी वयान दिई भन्सार ऐन बमोजिम हुने कारवाही सहन मञ्जुर छु भनी स्वीकारी वयान दिएको एवं निजको साथबाट पक्राउ परेको उक्त सुनको खरिद वील बिजक, प्रज्ञापनपत्र एवं महसुल तिरेको निस्सा प्रमाण पेश गर्न नसकेकोले उक्त १ केजी ५१२ ग्राम सुन भन्सार ऐन, २०६४ को दफा ३८ अनुसार निज सुमन कुमारले नै चोरी पैठारी गरेको ठहर्छ। सो ठहर्नाले उक्त सुन भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत गरी सोही दफा बमोजिम उक्त सुनको विगो बमोजिमको रु ६९,३५,५४४/- (उनानसत्तरी लाख पैतिस हजार पाँच सय चवालिस रुपैंया मात्र) निज सुमन कुमारलाई जरिवाना गरी ३ महिना १ दिन कैद गर्नु भनी राजस्व अनुसन्धान विभग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैया, बाराका प्रमुख अनुसन्धान अधिकृतले मिति २०७४।४।२५ मा गरेको निर्णय ।

८. म पुनरावेदक दैनिक ज्याला मञ्जुरी गरि खाने सामान्य व्यक्ति हु, मैले सुन चोरी पैठारीको अपराध गरेको होईन छैन । मेरो साथबाट सुन बरामद भएको छैन । म पुनरावेदकलाई राजस्व अनुसन्धान अधिकृत समक्ष बयान नगराई केवल कागजमा लेखि सहिछाप मात्र गराएका हुन । मलाई नेपाली भाषा राम्रोसँग बुझ्न आउदैन । उक्त सुन जयप्रकाश कुमार सर्राफको हो र उनी सुन तस्कर व्यपारी हुन । कारवाही मलाई होइन जयप्रकाश कुमार सर्राफलाई हुनुपर्नेमा प्रहरीहरुले उसलाई छोडी म निर्दोष व्यक्तिलाई सजायको भागीदार बनाउन कानूनतः मिल्दैन । राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैया, बारा, प्रमुख अनुसन्धान अधिकृतले मिति २०७४।४।२९ मा गरेको निर्णय बदर गरी म पुनरावेदक प्रतिवादी सुमन कुमारलाई सफाई पाउने गरी इन्साफ गरी पाउँ भन्ने समेतको जिकिर लिई पुनरावेदकको तर्फबाट यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदनपत्र ।

## ठहर खण्ड

९. नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकको तर्फबाट प्रतिनिधित्व गर्ने विद्वान अधिवक्ता श्री सतिश कुमार झाले कार्यालयले गरेको फैसलामा निर्णयाधार देखिदैन । आरोपित सुन बरामद भएकोमा विवाद छैन । उक्त सुन मेरो पक्ष सँगै आउँदा जय प्रकाश कुमार सर्राफको साथबाट बरामद भएको हो । सुन तस्कर

गर्नेलाई छोडी उसँगै बसेवापत मात्र मरो पक्षलाई सहभागी बनाईयो । प्रमाण ऐन, २०३१ अनुसार साक्षी बुझ्नुपर्नेमा नबुझी प्रहरी प्रतिवेदनलाई मात्र आधार बनाएर निर्णय गर्नु फौजदारी न्याय विपरित देखिन्छ । राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैया, बाराको निर्णय त्रुटीपूर्ण छ भनी बहस गर्नुभयो ।

१०. प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्धान शाखा अधिकृत श्री अञ्चन भट्टराईले प्रतिवादीवाट विवादीत सुन बरामद भएकोमा विवाद छैन, पुनरावेदककै रोहवरमा सुन वरामद भएको देखिनुका साथै आफूबाट नै उक्त मुचुल्कामा उल्लेख गरेबमोजिमका सुन वरामद भएको कुरामा सावित भई पुनरावेदकले सहिछाप गरिदिएको अवस्था छ । अनुसन्धान अधिकृत समक्ष दिएको बयानमा केही बुझी पाउँ भन्ने दावी नै नलिएको अवस्थामा पुनरावेदन गर्ने समयमा आएर दावी लिन पाउने होइन । शुरुमा पेश नभएको प्रमाण पछि बुझ्न मिल्दैन । वरामद सुनको विलविजक छैन भनी पुनरावेदकले शुरु कार्यालयमा बयान गरेको अवस्था समेतबाट शुरु कार्यालयबाट पुनरावेदक प्रतिवादीलाई जरिवाना र कैद गर्ने गरी भएको निर्णय अन्यथा नदेखिँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

११. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन लगायतको मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु कार्यालयबाट मिति २०७४।४।२५ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. वरामदी मुचुल्कामा उल्लेखित परिमाणको सुन यी पुनरावेदक सुमन कुमारको साथबाट वरामद भएको र उक्त सुन प्रचलित कानूनअनुसार प्राप्त गरेको प्रमाण पेश गर्न नसकेको हुँदा उक्त सुन भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत गरी सो सुनको रु. ६९,३५,५४४। (उनान्सत्तरी लाख पैतिस हजार पाँचसय चवालिस मात्र) विगो कायम गरी पुनरावेदकलाई विगो बमोजिम रु. ६९,३५,५४४। (उनान्सत्तरी लाख पैतिस हजार पाँचसय चवालिस मात्र) जरिवाना र सोही ऐनको सोही दफाको उपदफा(१)(ख) बमोजिम तिन महिना एक दिन कैद हुने गरी राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैयाबाट मिति २०७४।४।२५ मा भएको निर्णय उपर चित्त नबुझाई प्रतिवादी सुमन कुमारको तर्फबाट यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदनपत्र दर्ता हुन आएको देखियो ।

१३. पुनरावेदकको पुनरावेदन जिकिर हेर्दा मुख्यतः म पुनरावेदक दैनिक ज्याला मज्जुरी गरि खाने सामान्य व्यक्ति हु, मैले सुन चोरी पैठारीको अपराध गरेको होईन छैन । मेरो साथबाट सुन बरामद भएको छैन । म पुनरावेदकलाई राजस्व अनुसन्धान अधिकृत समक्ष बयान नगराई केवल कागजमा लेखि सहिछाप मात्र गराएका हुन । मलाई नेपाली भाषा राम्रोसँग

बुझ्न आउदैन । उक्त सुन जयप्रकाश कुमार सर्राफको हो र उनी सुन तस्कर व्यपारी हुन । कारवाही मलाई होइन जयप्रकाश कुमार सर्राफलाई हुनुपर्नेमा प्रहरीहरुले उसलाई छोडी म निर्दोष व्यक्तिलाई सजायको भागीदार बनाउन कानूनतः मिल्दैन ।म पुनरावेदक गरि खाने लाउने व्यक्ति हुँ । आरोपित सुनको तस्कर गर्ने व्यक्तिलाई छोडी निर्दोष व्यक्तिलाई सजायको भागीदार बनाउन कानुनतः नमिल्ने हुँदा राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैयाबाट भएको निर्णय त्रुटीपूर्ण छ भनी उल्लेख गरेको पाईन्छ । मिसिल संलग्न बरामदी मुचुल्का हेर्दा यी पुनरावेदककै रोहवरमा सुन वरामद भएको देखिनुका साथै आफूबाट नै उक्त मुचुल्कामा उल्लेख गरेबमोजिमका सुन वरामद भएको कुरामा स्वीकार गरी पुनरावेदकले सहिछाप गरिदिएको अवस्था छ ।

१४. त्यसैगरी पुनरावेदक सुमन कुमारको मौकामा राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालयमा भएको वयानमा समेत सुन आफूबाट वरामद भएको कुरा स्वीकार गर्नुका साथै वरामदीत उक्त सुन काठमाडौं सुनधारामा एकजना अपरिचित व्यक्तिले दिएका हुन । उक्त मान्छेले मलाई सुन लिन विरगंजमा मेरो मान्छे आउँछ उसलाई दिनु म तिमिलाई ५०००।- भारतिय रुपैया दिन्छु भनेकोले मैले पैसाको लोभमा परेर सुन वोकेको हुँ भनेतापनि कसले दिएको हो किटान गर्न सकेको अवस्था देखिदैन । बरामदित सुन अन्य कसैले दिएको हो भने त्यसको पुष्टी हुने कुनै आधार प्रमाण पेश गर्नु पर्ने हुन आउथ्यो । प्रतिवादिले सुन दिने व्यक्तिले विरगंजसम्म लगिदेउ भनेकोले उक्त सुन बोकेर म विरगंजतर्फ जाँदैथिए विरगंजमा अर्कैलाई दिने हो भनेपनि कसलाई दिने हो भन्ने समेत खुलाएको पाइएन । प्रहरीले पक्राउ गरेको भनी स्वीकार गरेको तर निज प्रतिवादीबाट बरामद भएको सुन विरगंजसम्म लगिदिनुस भनेकोले पैसाको लोभमा परी उक्त सुन वोकेको हुँ भनी जिकिर लिएतापनि जिकिर पुष्टी हुने प्रमाण पुष्ट्याई गर्ने प्रमाण समेत पेश गर्न सकेको देखिदैन । साथै प्रतिवादीको साथबाट बरामद भएको सुनको खरिद विल विजक, प्रज्ञापनपत्र लगायतका महसूल तिरेको निस्सा समेत पेश गर्न नसकेको अवस्थामा नेपाल सरहद भित्रै एक ठाउँबाट अर्को ठाउँमा पु¥याउने मात्र कार्य गरेको हो सुन चोरी पैठारी गरेको होइन भनी प्रतिवादीले लिएको जिकिरसँग सहमत हुन सकिएन । मूलतः कुनै व्यक्तिको साथबाट सुन वरामद हुन्छ र निजले उक्त सुन मेरो होइन भनी जिकिर लिन्छ भने त्यस्तो जिकिरको प्रमाण निजले नै पेश गर्न सक्नु पर्दछ । यसरी हेर्दा वरामद भएको सुन गैरकानूनी भएकोमा विवाद देखिन नआइ उक्त वरामदित सुन बोकी हिड्ने व्यक्ति नै आरोपित कसूरको भागिदार हुनेमा विवाद देखिएन। अतएवंः भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम वरामदी सुन जफत गरी सो सुनको रु. ६९,३५,५४४। (उनान्सत्तरी लाख पैतिस हजार पाँचसय चवालिस मात्र) विगो कायम गरी पुनरावेदकलाई विगो बमोजिम रु. ६९,३५,५४४। (उनान्सत्तरी लाख पैतिस हजार पाँचसय चवालिस मात्र) जरिवाना र सोही ऐनको सोही

दफाको उपदफा(१)(ख) बमोजिम तिन महिना एक दिन कैद हुने गरी राजस्व अनुसन्धनन विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैयाबाट मिति २०७४।४।२५ मा भएको निर्णय मनासिब नै देखिन आयो । उक्त शुरु निर्णयमा पूर्ण रुपमा तात्विक फरक भएकोले झगडिया झिकाई आफूलाई अभियोग दावीबाट पूर्ण रुपमा सफाई होस भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१५. तसर्थ, माथि विवेचित सिद्धान्त एवं कारण समेतको आधारमा भन्सार ऐन, २०६४ को दफा ३८ अनुसार चोरी पैठारी गरेको ठहऱ्याई सोही ऐनको दफा ५७(१) बमोजिम बरामद सुन जफत गरी उक्त सुनको विगो बमोजिमको रु.६९,३५,५४४। जरिवाना एवं तिन महिना एक दिन कैद हुने गरी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैयाबाट मिति २०७४।०४।२५ मा भएको शुरुको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।अरु तपसील बमोजिम गर्नू।

**तपसील**

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलकोकार्यालयलाई दिनु------------------------१

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु----------------------------------------------------------------------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु----------------------------------------------------३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

टिपोट गर्नेः —श्री सीता अधिकारी (शाखा अधिकृत)

इति सम्वत् २०७५ साल पुस महिना २५ गते रोज ४ शुभम् ..........................